# 15. Nepali

नेपाली ३१४ साहित्य सिद्धान्त, नेपाली समालोचना तथा शोध सृजन विधि, २०६८

१. अभिवन गुप्तले रस निष्पत्ति सम्बन्धी के कस्ता मान्यता प्रस्तुत गरेका छन् ? विवेचना गर्नुहोस् ।

अथवा

तलका प्रश्नको संक्षिप्त उत्तर दिनुहोस्

क. काव्य हेतु भन्नाले के बुझिन्छ ब?

ख. शब्दालङ्कार र अर्थालङ्कारमा पाइने भिन्नता के के हुन् ?

२. मनोविज्ञानपरक समालोचनाका प्रमुख मान्यताहरूको निरुपण गर्नुहोस ।

अथवा

तलका प्रश्नको संक्षिप्त उत्तर दिनुहोस्

क. परिष्कारवाद र स्वच्छन्दतावादका बिच पाइने प्रमुख भिन्नता केके हुन् ?

ख. अति यथार्थवादका आधारभूत मान्यता के हुन् ?

३. सैद्धान्तिक समालोचनाका क्षेत्रमा यदुनाथ खनालले दिएका योगदानको विवचेना गर्नुहोस् ।

अथवा

संक्षिप्त टिप्पणी लेख्नुहोस् ।

क. समालोचक ईश्वर बराल र संकलन सम्पादन

ख. वासुदेव त्रिपाठीका प्रमुख समालोचनात्मक विशेषता

४. तलका कुनै तिन प्रश्नको सक्षिप्त उत्तर दिनुहोस् ।

क. संस्कृत काव्यशास्त्रमा शब्दशक्तिका के कति प्रकार निर्धारित छन् ?

ख. रीति सिद्धान्तका प्रमुख मान्यता केके हुन् ?

ग. विसंगतिवादको परिचय कसरी प्रस्तुत गर्न सकिन्छ ?

घ. प्लेटोको साहित्य सम्वन्धी दृष्टिकोणहरु के कस्ता छन् ?

ङ. कमल दीक्षितका समालोचनात्मक विशेषता के के हुन् ?

५. तलका कुनै तिन प्रश्नको सक्षिप्त उत्तर दिनुहोस् ।

क. शोधमा समस्या र उद्देश्यका बिच के कस्तो सम्बन्ध रहन्छ ?

Question Bank Nepal

ख. शोधमा पूर्वकार्यको समीक्षा किन आवश्यक छ ?
ग. सामान्य लेखन र सृजनात्मक लेखनका बिच कस्तो भिन्नता पाइन्छ ?
घ. सृजनात्मक लेखनका निम्ति सामग्री संकलनको के कस्तो महत्व हुन्छ ?
ङ. शोध प्रतिवेदनका प्रारम्भिक भागमा रहने विषयहरु के के हुन् ?

६. तलका प्रश्नको अति संक्षिप्त उत्तर दिनुहोस् ।
क. रीतिवाद र अलङ्कारवादका प्रवर्तक को को हुन् ?
ख. क्रिष्टोफोर कड्वेल र ज्या पाल सार्त्र कुन कुन साहित्यिक वादसँग सम्बन्धित छन् ?
ग. दस गोर्खा र नेपाली साहित्यको परिक्रमा कृतिका लेखक को को हुन् ?
घ. परिशिष्ट र सन्दर्भग्रन्थ सूची शोधप्रतिवेदका कुन भागमा पर्दछन् ,
ङ. २०२५ सालमा साझा प्रकाशन, ललितपुरबाट प्रकाशित भएको र चूडामणि वन्धुद्वारा सम्पादित कृती साझा एकांकीको सन्दर्भ सूची कस्तो हुन्छ ?
च. के नेपाल सानो छ, गौरी खण्डकाव्यमा करुण रस, मलाई आफ्नै आकाश मनपर्छ, र पिकदूत काव्यमा विप्रलम्भ श्रृङ्गार मध्ये कुन कुन शीर्षक सिर्जनात्मक र कुन कुन समीक्षात्मक हुन् ?
छ. तारानाथ शर्माको बालकृष्ण समसँग सम्बद्ध पुस्तकाकार समालोचना कृतिको नाम के हो ?
ज. उद्दीपन विभाव, सभङ्ग श्लेष, पूर्णोपमा र सञ्चारी भावमध्ये कुन कुन चाहिं रस सामग्रीमा पर्दछन् ?
झ. पाश्चात्य समालोचना सिद्धान्त र नेपाली उपन्यासका आधारहरूका लेखक को को हुन् ?
ञ. सृजनालाई अनुकरणको अनुकरण र दमित मनोभावको उपज मान्ने चिन्तक को को हुन् ?

**Bachelor Level /III Year / Humanities** **Full Marks : 100**
**Nepali (315)** **Time : 3 hrs**

समूह (A) अनिवार्य, समूह (B) मध्येबाट कुनै एक विषय लिनुपर्नेछ ।
प्रत्येक समूहका लागि छुट्टाछुट्टै उत्तर पुस्तिका प्रयोग गर्नु हुन ।

**A. भाषा विज्ञान र नेपाली भाषा** **Full Marks : 50** **Time : 1 ½ hrs**

1. वर्ण विश्लेषणमा व्यतिरेक र परिपूरक वितरण सिद्धान्तको प्रयोग कसरी गरिन्छ ? नेपाली भाषाबाट उदाहरण दिई विवेचना गर्नुहोस् ।

अथवा १५

नेपालमा बोलिने भाषाहरूको पारिवारिक वर्गीकरण गरी प्रत्येक परिवारका एक एक प्रमुख भाषाको परिचय दिनुहोस् ।

2. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २ - ७.५ = १५
क. भाषालाई 'यादृच्छिक् वाक् प्रतीक' किन भनिएको हो ?
ख. रुपात्मक अर्थ भनेको के हो ?
ग. नेपालीमा नाम उपवाक्यको संरचना कस्तो पाइन्छ ?

3. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २ - ७.५ = १५
क. कोशीय अर्थ र व्याकरणिक अर्थमा के भिन्नता हुन्छ ?
ख. द्विभाषिकता भन्नाले के बुझिन्छ ?
ग. 'आन्तरिक संरचना र बाह्य संरचना'मा के अन्तर छ ?

4. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५
क. ध्वनि विज्ञानका शाखा कुन कुन हुन् ?
ख. 'हु' धातुका संरूप कुन कुन हुन् ?
ग. 'राउटे' र 'झाँगड' भाषा कुन परिवारमा पर्दछन् ?
घ. 'पानी पर्‍यो भने बाटो हिलो हुन्छ' वाक्य संरचनाका दृष्टिले कुन वर्गमा पर्दछ ?



Question Bank Nepal

ङ. भाषायोजनाका प्रमुख दुई प्रकार के के हुन् ?

**B. (a) आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण Full Marks : 50 Time : 1 ½ hrs**

1. आधुनिक नेपाली कविता परम्पराको उत्तरवर्ती चरण (२०३६ पछि)का प्रमुख धारा र मुख्य प्रवृत्तिको विवेचना गर्नुहोस् ।

अथवा १५

आख्यानीकरणका दृष्टिले 'इन्द्रजात्रा' काव्यका विशेषताहरूको समीक्षा गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

क. भरतराज पन्तका काव्यात्मक प्रवृत्तिहरू के के हुन् ?

ख. 'देवयानी' काव्यले के कस्तो सन्देश दिएको छ ?

ग. श्याम तमोटका गीतमा के कस्ता विशेषता पाइन्छन् ?

**(b) आधुनिक नेपाली आख्यानको उत्तरवर्ती चरण Full Marks : 50 Time : 1 ½ hrs**

1. आधुनिक नेपाली कथाको उत्तरवर्ती चरण (२०३६ पछि)का प्रमुख प्रवृत्तिहरूको समीक्षा गर्नुहोस् ।

अथवा १५

कथाकार इन्द्र बहादुर राईको परिचय दिँदै 'कठपुतलीको मन' कथामा पाइने नव प्रयोगबारे चर्चा गर्नुहोस् ।

2. आधुनिक नेपाली उपन्यासको उत्तरवर्ती चरण (२०३६ पछि) का उपन्यासमा पाइने प्रमुख प्रवृत्तिको निरूपण गर्नुहोस् ।

अथवा १५

कथानक योजनाको आधारमा ध्रुवचन्द्र गौतमको 'घुमी' उपन्यासका विशेषताको विवेचना गर्नुहोस् ।

3. कुनै एकको सङ्क्षिप्त उत्तर दिनुहोस् : ७.५

क. राजवको 'हाफ क्या.वि.' कथामा के कस्तो प्रशासनिक विसङ्गतिको चित्रण गरिएको छ ?

ख. नारायण ढकालको 'इरफान अली' कथाको इरफान अलि पात्रका के कस्तो चारित्रिक विशेषता पाइन्छन् ?

4. तलका दिइएको कुनै एक गद्यांशको प्रसङ्ग निर्देश गर्दै कथ्य, कथन पद्धति, भाषा शैली र अन्य प्रस्तुतिगत विशेषताको व्याख्या गर्नुहोस् : ७.५

क. जुलुस गइ सकेपछि सडक फेरि एकपटक सुनसान भएको छ । बलात्कृत भएकी आइमाई जस्तै सडकको सौन्दर्य भताभुङ्ग भएको छ । अलकत्रा पोतेको कालो सडकको क्यानभासमा ठूला साना इँटाका टुक्राहरू छरपस्ट छरिएका छन् । ('प्रत्यक्ष दर्शी'बाट)

ख. उनले आफैसित भने - 'जीवन एक आकस्मिकता हो ? कृष्णले भनेको नै सत्य होला तर त्यो विश्वसनीय छ ? विश्वसनीय हुनको लागि सङ्गति चाहिन्छ । सत्य हुँदैमा कुनै कुनै कुरा मनुष्य जीवनमा विश्वसनीय ठहरिँदैन ।' ('द्वन्द्वको अवसान' बाट)

5. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

क. कथाकार भाउपन्थी र इस्मालीको वास्तविक नाम के हो ?

ख. 'सरल रेखा' र 'मन्छेको छाउरो' कथाका लेखक को को हुन् ?

ग. 'उलार' र 'अनिंदो पहाडसँगै' उपन्यासका लेखक को को हुन् ?

घ. 'शरणार्थी' र द्वन्द्वको अवसान' उपन्यासको प्रकाशन कहिले भएको हो ?

ङ. 'कीम' र 'सुवोध' कुन कुन कथाका पात्र हुन् ?

**(c) आधुनिक नेपाली नाटकको उत्तरवर्ती चरण Full Marks : 50 Time : 1 ½ hrs**

1. आधुनिक नेपाली नाटकको उत्तरवर्ती चरण (२०३६ पछि)का नव नाट्य परम्परा र प्रवृत्तिको विवेचना गर्नुहोस् ।

Question Bank Nepal

अथवा १५

'बैकुण्ठ एक्सप्रेस' नाटकमा स्वैरकल्पनाको के कस्तो प्रयोग गरिएको छ, स्पष्ट्याउनुहोस् ।

2. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

क. 'भित्तेघडी' लघुनाटकमा विसङ्गत चेतनाको प्रयोग कसरी गरिएको छ ?

ख. 'सिम्मा' गीति नाटकमा के कस्तो विस्तुयोजना पाइन्छ ?

3. तल उद्धृत अंश राम्ररी पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नहरूको छोटोछरितो उत्तर दिनुहोस् : ७.५

तिमी यो बाटो छोडेर
यसो किनार लागेर हिंड
नानीहरूको एउटा लामो ताँती
यही गोरेटो भएर आउँदै छ
बाटाका यी भीर, पाखा र पर्वतहरू
ती नदीनाला र जङ्गलहरू
उनीहरू आफ्नै कलिला पाइलाहरूले
नाप्न चाहन्छन्

('नानीहरू आकाशको निर्माणमा लाग्नेछन्' बाट)

प्रश्नहरू :

क. यस कविताका रचयिता को हुन् ?

ख. यहाँ कविले 'तिमी' सर्वनामबाट कसलाई सङ्केत गरेका छन् ?

ग. नानीहरूको लामो ताँती आउँदै छ भन्नाको तात्पर्य के हो ?

घ. यहाँ कविले 'तिमी'लाई किन किनार लाग्न आह्वान गरेका हुन् ?

ङ. यस कवितांशका पाँचौं र छैटौं पङ्क्तिमा कस्तो शब्दालङ्कारगत वैशिष्ट्य पाइन्छ ?

4. प्रसङ्ग निर्देशन गर्दै तलको कुनै एक उद्धरणको भाव-विचार, कथनपद्धति, लयविधान, भाषाशैली तथा अन्य कलात्मक विशेषताहरूबारे व्याख्या गर्नुहोस् : ७.५

क. लाग्छ, अब त मेरो महत्त्वाकाङ्क्षा
पहाडका अग्ला अग्ला टाकुरामा
हिउँका ढिक्का भएर जमिरहेछ
जो, समयको तापसँगै
निरन्तर पग्लँदै गइरहेछ

'महत्त्वाकाङ्क्षा : निरन्तर रित्तिँदै छ बूढो सारङ्गी जस्तै' कविताबाट

ख. फूलको आँखामा फूलै संसार
काँढाको आँखामा काँढै संसार

'फूलको आँखामा फूलै संसार' गीतबाट

5. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

क. आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण (२०३६ पछि) का कृष्णभक्त श्रेष्ठ र विमल निभा कुन कुन धाराका कवि हुन् ?

ख. यस पाठ्यांश अन्तर्गत पठनपाठनका निम्ति कुन कुन काव्यकृति निर्धारित छन् ?

ग. नेपाली साहित्यमा गजलमा महाकाव्य लेख्ने कवि को हुन् र उनको गजल महाकाव्यको नाम के हो ?

घ. यस पाठ्यांशमा निर्धारित 'सर्पहरू गीत सुन्दैनन्', 'विद्रोह बोल्छ ढुङ्गा', 'गहुँगोरो अफ्रिका' र 'पोहोर साल खुसी फाट्यो'का लेखक को को हुन् ?

ङ. यस पाठ्यांशमा निर्धारित रामचन्द्र भट्टराईको 'काली' कविता कुन छन्दमा लेखिएको

Question Bank Nepal

छ ?

ग. 'निर्वासित मनहरू' लघु नाटकमा नेपालको वर्तमान सामाजिक परिवेशको के कस्ता चित्रण गरिएको छ ?

3. निम्नलिखित उद्धृतांश पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् : ५×१.७=७.५

यमी - (केही उद्दीन स्वरमा) देहको धर्म हो तृप्ति, मनको धर्म हो आशक्ति । म तिम्रो सहोदरा हुँ, भगिनी हुँ मलाई थाहा छ । तर मेरो यो देशक तिम्रो कामनामा जलिरहेछ । ममा आऊ प्रजापति, वरुण, इन्द्र र सोमलाई स्मरण गरी मेरो देहाग्निको शमन गर यम ।

यम - ये यमी ! मेरी बहिनी ! हामी मर्यादामा बाँधिएका सचेतन प्राणी हौं, मानव । नश्वर देहका इन्द्रियगत एषणाहरूको त्यति खाँचो नै भएर जारु कुनै अन्य पुरुषलाई खोज ।

प्रश्नहरू

क. यस उद्धृतांशका रचनाकार को हुन् ?

ख यसमा नाटकीयता / उक्ति पद्धतिका के कस्ता गुण पाइन्छन् ?

ग. 'देहको धर्म हो तृप्ति', 'मनको धर्म हो आशक्ति' भनेको के हो ?

घ. यहाँ यमीको संवादमार्फत जीवनसम्बन्धी कस्तो दृष्टिकोण व्यक्त भएको छ ?

(ङ) यमले 'हामी मर्यादामा बाँधिएका सचेतन प्राणी हौं' भन्नाको अभिप्राय के हो ?

4. कुनै एक उद्धरणको प्रसङ्ग निर्देश गर्दै कथनपद्धति, भाषाशैली र अन्य कलात्मक विशेषताबारे व्याख्या गर्नुहोस् : ७.५

क. हातले नछोड सारङ्गी रेटछिन्
तालमा सुस्तरी
शरीरै बिना आउँछिन् भनी
दिखाऊ कसरी ? ('हिमालवारि हिमालपारि'बाट)

ख. मेरो मसानो नामको यहाँ कुनै मूल्य छैन । तिम्रो देशका सहरमा मेरो नाम दामी हुन सक्तैन । यो नाम बिक्ने सहरमा तिमी मेरो मूल्यन अवमूल्यन गर्न खोज्छ्यौ ?
('गोलार्द्धका दुई छेउ' बाट)

5. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

क डेड्सु र उज्वल कुन कुन नाटकका पात्र हुन ?

ख. सिम्मा र हिमालवारि हिमालपारिमा कति अङ्क वा दृश्य छन् ?

ग. यस पाठ्यांश अन्तर्गतका कुन कुन नाटकमा जेलको सनदर्भ पाइन्छ ?

घ. मोहन राज शर्माका दुई लघुनाटक कुन कुन हुन् ?

ङ. उत्तरवर्ती चरणका कुनै दुई चर्चित नाट्य संस्था कुन कुन हुन् ?

**(d) आधुनिक नेपाली नाटक र अन्यविधाको उत्तरवर्ती चरण** **Full Marks : 50**
**Time : 1 ½ hrs**

1. आधुनिक नेपाली निबन्धको उत्तरवर्ती चरण (२०३६)का प्रमुख प्रवृत्तिको विवेचना गर्नुहोस् ।

अथवा १५

निबन्धकार कमल दीक्षितको परिचय दिँदै उनको 'उखान मिलेन' निबन्धमा समेटिएको विषयवस्तु र त्यसको कलात्मक वैशिष्ट्यको समीक्षा गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

क. आधुनिक नेपाली यात्रा संस्मरणको उत्तरवर्ती चरण (२०३६ यता) का प्रमुख सृजनात्मक गतिविधिहरू के के हुन्?

ख. विश्वेश्वर प्रसाद कोइरालाको 'जेल जर्नल'मा दैनिकी साहित्यका के कस्ता विशेषता पाइन्छन् ?



Question Bank Nepal

ग. शारदा शर्माको 'अंशयुद्ध' निबन्धमा नारीसम्बन्धी के कस्तो दृष्टिकोण प्रस्तुत गरिएको छ ?

3. तलको अनुच्छेद पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् : ५×१.५ = ७.५

माध्यमिक कालीन कविहरूमा कवि कृष्णप्रसाद रेग्मीको भावचयन, शब्दप्रयोग र प्रस्तुतीकरण प्रभावकारी देखिन्छ । त्यसैले माध्यमिक कालीन कविहरूमा उनी विशेष रूपले लोकप्रिय पनि छन् । पैतालिस वर्षकै उमेरमा सेवा गर्दा गर्दै यस धराधामलाई छोडेर जाने कवि रेग्मीबाट अरू के कस्ता रचना आउने थिए भन्ने अनुमानलाई छोडेर जाने कवि रेग्मीबाट अरू के कस्ता रचना आउने थिए भन्ने अनुमानलाई छाडेर पनि आर्थिक विपन्नता र पारिवारिक समस्या टान्न पसल चलाएर र सानो जागिर खाएर अनि घर परिवार छाडी परदेश धाएर जे जति नेपाली भाषाको सेवा भयो त्यतिलाई मात्र हृदयङ्गम गर्दा पनि उनी नेपाली दिलदिलमा अविस्मरणीय छन् र रहिरहने छन् ।

प्रश्नहरू :

क. 'कृष्णप्रसाद रेग्मी' शीर्षकको जीवनीबाट उद्धृत यस गद्यांशका लेखक को हुन् ?

ख. यहाँ लेखकले रेग्मीका के कस्ता काव्यात्मक विशेषताको उल्लेख गरेका छन् ?

ग. कवि रेग्मीले जीवन निर्वाह गर्न कुन व्यवसाय गरेका थिए ?

घ. कवि रेग्मी नेपाली दिलमा अविस्मरणीय बन्न पुग्नाको कारण के हो ?

ङ. रेग्मी कुन कालखण्डका कुन धाराका कवि हुन् ?

4. तलका कुनै एक उद्धरणको प्रसङ्ग दिँदै गर्दै कथ्य विषय, कथनपद्धति, भाषाशैली तथा अन्य कलात्मक विशेषताबारे व्याख्या गर्नुहोस् । ७.५

क. अतीतको कुरा कथाजस्तै रोचक हुन्छ । भविष्य सोचूँ भने ज्योतिषी बन्न सकिएन, वर्तमान चमत्कारको सार छैन, बरु भनेकै कुरा सम्फेर केही कोर्न सके भविष्यको प्रेरक हुन सक्ला कि जस्तो लाग्छ । ('आत्मपुराण'बाट)

ख. मैले पुस्किनको जिप्सी काव्यलाई नेपालीमा अनुवाद गर्दा त्यहाँको सांस्कृतिक यथार्थ, पात्रको मानसिकता, जीवनदर्शन सबैलाई नेपाली सन्दर्भमा मिल्ने गरी राख्न निकै अप्ठेरो महसुस गरेको थियो । अनुवादले शब्दमा मात्र ध्यान दिनु हुँदैन; सच्चा भावमा खेल्न सक्नुपर्छ । ('रुसी परिवेशमा नेपाली प्रतिबिम्बबाट')

5. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

क. रामशणि रिसाल र युवराज नयाँ घरेका कुन कुन निबन्ध कृति यस पाठ्यांशमा समावेश गरिएका छन् ?

ख. 'नेपाली निबन्धयात्रा'का लेखक को हुन् ?

ग. 'म हुँ औंला नकाटिएको एकलव्य' र 'आषाढस्य प्रथम दिवसे' निबन्ध के कसले लेखेका हुन् ?

घ. यस पाठ्यांशमा निर्धारित कुनै दुई संस्मरणात्मक निबन्धको नाम लेख्नुहोस् ।

ङ. यस पाठ्यांशमा पत्रसाहित्य अन्तर्गत कसको कुन रचना राखिएको छ ?

**Bachelor Level /III Year / Humanities** — **Full Marks : 50**

**Nepali (316) Functional paper** — **Time : 1 ½ hrs**

**A. अनुवाद विधि र कार्य**

1. अनुवादको अभिप्राय प्रस्तुत गर्दै यसका पूर्ण र आंशिक प्रकारहरूबारे समीक्षा गर्नुहोस् ।

अथवा १५

अर्थ सिद्धान्तको आशय स्पष्ट गर्दै सन्दर्भपरक अर्थ र कोशीय अर्थले अनुवाद कार्यमा पार्ने प्रभावमाथि प्रकाश पार्नुहोस् ।

2. कुनै तिन प्रश्नको उत्तर दिनुहोस् : ३×७.५=२२.५

क. आशयानुवाद भनेको के हो ? आशयानुवादका स्रोत भाषा र लक्ष्य भाषाको कस्तो सम्बन्ध रहेको हुन्छ ?

ख. 'मसिन अनुवादबाट साहित्यिक अभिव्यक्तिको पूर्णत: अनुवाद हुन सक्दैन' यस कथनलाई कसरी सिद्ध गर्न सकिन्छ ?

ग. शब्दानुवाद र भावानुवादमाट के कस्तो अन्तर पाइन्छ ?

घ. एकभन्दा बढी हस्तलिखित सामग्री उपलब्ध भएमा ती सामग्रीहरूमध्ये मूल पाठलाई कसरी ठम्याइन्छ ?

3. तलको अनुदित गद्यांशमा प्रयुक्त पद, पदावली, वाक्यांश र व्याकरणगत सम्बन्धको उपयुक्त प्रयोगका साथै वर्णविन्यासगत अशुद्धिहरूलाई सच्याई सम्पादन गर्नुहोस् : ७.५

अवधिको अर्थ हो - अवधको भाषा । स्थानीय बिभिन्नता पनि छन् यस भाषाका । भारतमा उन्नत विकसित छ अवधी साहित्य । नेपालमा पनि अवधि साहित्यको विकसित हुँदै छ । महान् कवी तुलसी दास जसले रामायणको रचना गरे, उनको समयदेखि आजसम्म भारत तथा नेपालमा थुप्रै साहित्य कर्मीहरू देखा परेका छन् । आजकल नेपालमा अवधी भाषामा फुटकर रचनाहरू निकै लेखिन थालेका छन् । यो सत्य हो कि नेपालको अवधी साहित्य त्यति समृद्ध छैन, तर सञ्चार तथा प्रकाशन् माध्यमको विकासले अवधी साहित्यको विकासका उज्याला सम्भावनाहरू देखिन थालि सकेको छ ।

4. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

क. अनुवादमा अन्तरमा अन्तर्गत आउने दुई पक्ष के के हुन् ?

ख. अनुवादमा सन्दर्भात्मक तुल्यताको अभिप्राय के हो ?

ग. यान्त्रिक अनुवादलाई कसरी परिभाषित गर्न सकिन्छ ?

घ. 'घर', 'गोठ' शब्दका मिल्ने र नमिल्ने एक/एक कोशीय अभिलक्षण के के हुन् ?

ङ. अंग्रेजी भाषाको कुनै दुई शब्दको शब्दानुवादका उदाहरण के के हुन सक्छन् ?

## B. पत्रकारिता

1. पत्रकारिताका परिभाषा प्रस्तुत गर्दै यसका प्रकारहरूको परिचय दिनुहोस् ।

अथवा १५

२००७ साल पूर्वको नेपाली मुद्रण पत्रकारिताको इतिहासको रेखाङ्कन गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

क. विद्युतीय पत्रकारिता भन्नाले के बुझिन्छ ?

ख. नेपाली साहित्यिक पत्रकारिताले के कस्ता समस्याहरू बेहोर्दै आएको छ ?

ग. फोटो पत्रकारिता भन्नाले के बुझिन्छ ?

3. कुनै एक विषयमा छापा माध्यमबाट प्रस्तुत गरिने आकर्षक विज्ञापनको नमुना प्रस्तुत गर्नुहोस्: ७.५

क. भर्खरै प्रकाशित भएको बहुभाषिक साहित्यिक पत्रिका

ख. सार्वजनिक स्थलमा धुम्रपान नगर्नका निम्ति गरिएको कानुनी व्यवस्था

4. आफ्नो क्याम्पसको वार्षिकोत्सवका अवसरमा सम्पन्न कार्यक्रमको समाचार सङ्कलन गरी स्थानीय पत्रिकामा प्रकाशनार्थ पठाइने सम्पादित समाचारको नमुना तयार पार्नुहोस् । ७.५

5. तलका प्रश्नहरूको अतिसंक्षिप्त र वस्तुगत उत्तर दिनुहोस् : ५

क. 'गोरखापत्र'को प्रकाशन कुन सालदेखि सुरु भएको हो ?

ख. बी.बी.सी. र राससको पूर्ण रूप के हो ?

ग. रेडियो नेपालको स्थापना कहिले भएको हो ?

घ. 'नेपाली छापाखाना र पत्रपत्रिकाको इतिहास'का लेखक को हुन् ?

ङ. समाचार उत्पादन नगर्ने कुनै दुई संस्था कुन कुन हुन् ?

'नेपाल पत्रकार महासङ्घ', 'रासस' र 'साहित्यिक पत्रकार सङ्घ' ।



Question Bank Nepal

C. वाक्कला

1. वाक्कलाको परिभाषा दिँदै भाषासँग वाक्कलाको सम्बन्धबारे विवचेना गर्नुहोस् ।

अथवा १५

वाक्कलाका विशिष्ट पक्षहरू के के हुन् ? स्पष्ट पार्नुहोस् ।

2. तलका कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

क. आदर्श वक्तामा कस्तो वाग्मिता हुनुपर्छ ?

ख. आदर्श वाक्कलाका निम्ति तार्किकता र संप्रेषणीयता किन आवश्यक हुन्छन् ?

ग. भाषणको रचना गर्दा ध्यान दिनुपर्ने मुख्य कुराहरू के के हुन् ?

3. 'प्रजातन्त्र र नागरिक कर्तव्य' बारे बढीमा २०० शब्दसम्मको वक्तृता तयार पार्नुहोस् ।

अथवा ७.५

भर्खरै प्रकाशित कुनै साहित्यिक कृतिको लोकार्पण समारोहका निम्नि उपयुक्त कार्यक्रमको तर्जुमा गर्नुहोस् ।

4. कार्यक्रम सञ्चालकमा हुनुपर्ने विशेषताहरू के के हुन् ? स्पष्ट पार्नुहोस् । ७.५

5. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

क. उद्घोषणा भनेको के हो ?

ख. कस्तो उद्घोषणलाई प्रचारात्ममक उद्घोषण भनिन्छ ?

ग. भाषणका आरम्मा बोलिने कुरालाई के भनिन्छ ?

घ. 'प्रत्यक्ष प्रसारण' भन्नाले के बुझिन्छ ?

ङ. वक्ताको बोलीमा सम्प्रेषणीयता हुनुपर्दछ भन्नाको आशय के हो ?

D. रङ्गमञ्च

1. रङ्गमञ्चको परिचय दिँदै नेपाली रङ्गमञ्चको आरम्भबारे चर्चा गर्नुहोस् ।

अथवा

मल्लकालीन नेपाली रङ्गमञ्चका विशेषताहरूको वर्णन गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

क. डबली भनेको के हो र यसको प्रचलन कहिलेदेखि सुरु भएको हो ?

ख. नेपालमा थिएटर रङ्गमञ्चको परम्परा के कस्तो रहेको छ ?

ग. रङ्गमञ्चमा प्रकाश र ध्वनि व्यवस्था भन्नाले के बुझिन्छ ?

3. तपाईं स्वयम् दर्शकका रूपमा समुपस्थित भई हेरेको कुनै नाटकका रङ्गमञ्चीय विशेषता र कमजोरीहरूको समीक्षा गर्नुहोस् ।

अथवा ७.५

नाट्याभिनयका विभिन्न प्रकारहरूको चर्चा गर्दै तिनका मुख्य विशेषताहरूको उल्लेख गर्नुहोस् ।

4. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

क. रङ्गमञ्चमा पार्श्व र नेपथ्य भन्नाले के बुझिन्छ ?

ख. प्रेषक भनेको के हो ?

ग. नेपालमा थिएटर परम्पराको प्रेरणास्रोत कलाई मान्न सकिन्छ ?

घ. 'नेपाली नाटक तथा रङ्गमञ्च: उद्भव र विकास' नामक कृतिका लेखक को हुन् ?

ङ. रङ्गकर्मी कसलाई भनिन्छ ?

## Tribhuvan University, 2069

**साहित्य सिद्धान्त, नेपाली समालोचना तथा शोध सृजन विधि**

१. भरत प्रतिपादित रससूत्रको व्याख्याका क्रममा भट्टनायकले के कस्तो दृष्टिकोण प्रस्तुत गरेका छन् ? समीक्षा गर्नुहोस् ।

Question Bank Nepal

अथवा

तलका दुवै प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् ।

क. शब्दशक्ति भनेको के हो र यसका के कस्ता प्रकारहरु निर्धारित छन् ?

ख. वक्रोक्तिका प्रमुख प्रकारहरु के कस्ता छन् ?

२. पाश्चात्य साहित्यमा प्लेटोले के कस्ता समालोचनात्मक मान्यता प्रस्तुत गरेका छन् ? स्पष्ट पार्नुहोस् ?

अथवा

तलका दुवै प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् ।

क. परिष्कारवादी विकासका प्रमुख चरणहरु के कस्ता छन् ?

ख. अति यथार्थवादका आधारभूत मान्यता के के हुन् ?

३. नेपालीमा सैद्धान्तिक समालोचना लेखन परम्परामा देखापरेका प्रमुख प्रवृत्ति र प्राप्तिके निरुपण गर्नुहोस् ?

अथवा

तलका दुवै प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् ।

क. हृदयचन्द्रसिंह प्रधानको समालोचनात्मक योगदान

ख. श्यामप्रसाद श्रेष्ठका समालोचकीय विशेषता

४. तलका कुनै तीन प्रश्नका संक्षिप्त उत्तर दिनुहोस् :

क. संस्कृत काव्यशास्त्रमा काव्यहेतु भन्नाले के बुझिन्छ ?

ख. शब्दालंकार र अर्थालंकारका बीच कस्तो भिन्नता पाइन्छ ?

ग. स्वच्छन्दतावादका प्रमुख मान्यता के के हुन् ?

घ. नारीवादी समालोचना भनेको के हो ?

ङ. रामकृष्ण शर्माका समालोचनात्मक विशेषता के के हुन् ?

५. तलका कुनै तीन प्रश्नका संक्षिप्त उत्तर दिनुहोस् :

क. मोहन कोइरालाको जीवनी र व्यक्तित्व र कृतित्वको विवेचना शीर्षकमा शोधकार्य गर्दा के कस्ता समस्या र उद्देश्यहरु निर्धारण गर्नु आवश्यक हुन्छ ?

ख. शोधकार्य गर्दा पूर्वकार्यको समीक्षा किन गरिन्छ ?

ग. शोध लेखन र सृजनात्मक लेखनमा के कस्ता भिन्नता पाइन्छन् ?

घ. सृजनात्मक लेखनमा सामग्री संकलनको आवश्यकताको कसरी पुष्टि गर्न सकिन्छ ?

ङ. कथा र उपन्यासमा पाइने विधागत सृजनात्मक भिन्नता के के हुन् ?

६. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : १०

क. ध्वनिवादका प्रवर्तक को हुन् र उनको ध्वनिसिद्धान्तमा आधारित ग्रन्थको नाम के हो ?

ख. रस सामग्रीमा पर्ने कुराहरु के के हुन् ?

ग. आचार्य वामनले प्रतिपादन गरेको साहित्य सिद्धान्तलाई के भनिन्छ ?

घ. फ्रायड र टेन कुन कुन समालोचना प्रणालीसँग सम्बद्ध छन् ?

ङ. जर्ज लुकाज र जया पाल सार्त्र कुन कुन साहित्यिक वादसँग सम्बन्धित छन् ?

छ. नेपाली समालोचनाको आधुनिक काल कहिलेदेखि थालिएको हो ?

ज. कमल दीक्षितलाई नेपाली समालोचनाको कुन प्रवृत्ति अन्तर्गत राख्न सकिन्छ ?

ञ. फ्रायड सृजनालाई कसरी चिनाएक छन् ?



Question Bank Nepal

# Tribhuvan University, 2069

समुह A अनिवार्य,, समूह B मध्येबाट कुनै एक विषय लिनुपर्नेछ ?

A. भाषा विज्ञान र नेपाली भाषा

१. नेपाली भाषाबाट उदाहरण दिई भाषाका भौगोलिक भेदको परिचय दिनुहोस् । १५

अथवा

रुप र संरुपको परिचय दिई रुपविश्वेषण प्रक्रियाको सोदाहरण विवेचना गर्नुहोस् ?

२. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : १५

क. वर्ण र संवर्णमा के भिन्नता हुन्छ ?

ख. वाक्यको आन्तरिक र बाह्य संरचनालाइ कसरी चिनाउन सकिन्छ ?

ग. कोशीय र अर्थ व्याकरणिक अर्थ भन्नाले के बुझिन्छ ?

३. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : १५

क. भाषिक परिवर्तनमा सादृश्य र आगमनले कस्तो प्रभाव पार्दछ ?

ख. नेपालमा के कति परिवारका भाषाहरु बोलिन्छन् ?

ग. रैपा धातुका के कति संरुप पाइन्छन् ?

घ. तेल शव्दको पारस्परिक अर्थ र विस्तारित अर्थ के हो ?

ङ. नेपालका चार प्रमुख भाषा कुन कुन हुन् ?

B. आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण F. M. 50

१. आधुनिक नेपाली कविताका उत्तरवर्ती चरणमा देखिएका नव प्रयोगहरु के हुन् ? विवेचना गर्नुहोस् ।

अथवा

इन्द्रजात्रा खण्डकाव्यमा पौराणिक विषय र समसामयिक सन्दर्भको के कस्तो संयोजन पाइन्छ ? विवेचना गर्नुहोस् ।

२. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : १५

क. पूर्णविरामका मुख्य कवितात्मक प्रवृत्ति के हुन् ?

ख. गीतकार दैवज्ञराज न्यौपानेका प्रमुख विशेषता के के हुन् ?

ग. उत्तरवर्ती चरणका गजलमा के कस्ता स्वरगत विशेषता पाइन्छन् ?

३. तलको उद्धृतांश पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नहरुको छिटोछरितो उत्तर दिनुहोस् ।

हो मैले -
मालिकको दिव्योपदेश पालन गरिना हुला
रक्सी खाएर
यो देश मैल पनि आर्जेको हुं भने हुँला
भानुभक्त बाजेको गीत र मेरो सियो
बारावंर हो भने हुँला
मैले सिएका सुकिला लुगा ओढेकाहरुलाई
मेरो नाङ्गो आङ देखाएँ हुँला
बौलाएपछि मैले
मेरै भगवानलाई पनि गाली गरेँ हुँला

प्रश्नहरु

क. यस कविताका रचयिता को हुन् ? र यो कुन कविताबाट लिइएको हो ?

ख. यहां वक्ताले किन आफू बौलाएको आत्मस्वीकृति व्यक्त गरिरहेको छ ?

Question Bank Nepal

ग. भानुभक्तको गीत र बक्ताको सियो बराबर हो भन्ने कथाले कस्तो अर्थ व्यञ्जित गरेको छ ?

घ. यस कवितांश कथन पद्धतिगत के कस्तो विशेषता पाइन्छ ?

ङ. प्रसंग निर्देश गर्दै तलको कुनै एक उद्धरणको भव विचार, कथनपद्धति, कथनपद्धति, लयविधान, भाषाशैली तथा अन्य कलात्मक विशेषताबारे व्याख्या गर्नुहोस् : ७.५

क. यसै घडी/यसै बेला
म देखिरहेछु
हरपल मृत्युमा बीच पनि
कसरी फूल झैं फक्रेर हाँसिरहेछ जीवन
हरपल बन्दुक र गालीहरुसँग
लुकामारी खेल्दै
भयानक कालरात्रिका बिच पनि
कसरी रजत प्रकाश छरिरहेछ जीवन
(बन्दी र चन्द्रागिरीबाट)

ख. फूलको आँखामा फूलै संसार
काँडाको आँखामा काँढै संसार
झुल्किन्छ है छायाँ वस्तु अनुसार
काँडाको आँखामा काँढै संसार
(फूलको आँखाबाट)

५ अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् :

क. देवयानी र का पुरुष का रचयिता को को हुन् ?

ख. आधुनिक नेपाली कविताको प्रयोगवादी चरणसँग उत्तरको दिशान्तरलाई सूचित गर्ने मुख्य दुई सुचक के के हुन् ?

ग. कवि कृष्णभक्त श्रेष्ठ र गजलकार बुद्ध राना कुन कुन धारा अन्तर्गतको स्रष्टा हुन् ?

घ. गोविन्दले ठीक भन्यो तथा कालो मध्यान्तर कविताका स्रष्टा को को हुन् ?

ङ. यस पाठ्यांशमा निर्धारित दुई महिला कवि र तिनका कविता कुन कुन हुन् ?

**(b) आधुनिक नेपाली आख्यानको उत्तवर्ती चरण** **F.M. 50**

१. आधुनिक नेपाली कथाको उत्तरवर्ती चरणमा के कस्ता प्रवृत्तिहरु देखापरेका छन् ?समीक्षा गर्नुहोस् ।

अथवा

कठपुतलीको मन कथामा परालको आगो कथाको विनिर्माण कसरी गरिएको छ ? स्पष्ट पार्नुहोस् ।

२. शरणार्थी उपन्यासको प्रमुख कथ्य विषयको विवेचना गर्नुहोस् ।

अथवा

अनिदो पहाडसँगै उपन्यासका आधारमा गौरीमायाको चारित्रिक विकासको समीक्षा गर्नुहोस् ।

३. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :

क. मान्छेको छाउरो कथामा मान्छेको लघुत्व कसरी प्रकट भएको छ ?

ख. विहेको बाजा कथामा कस्तो मनोविश्लेषण पाइन्छ ?

४. तल दिइएको कुनै एउटा गद्यांशको प्रसंगसहित भाव/विचार, कथन पद्धति र शैलीगत विशेषताको व्याख्या गर्नुहोस् ।

क. यदि यहाँ कुनै फूलफुल्न सक्दैन भने यस मरुभूमिमा यी विरुवाहरु रोप्ने पनि कसैलाई अधिकार छैन । (चिसिदै गएका आस्थाहरुबाट )

Question Bank Nepal

ख. रुप बदलिरहन सक्ने, शक्ति देवताहरुमा मात्र विद्यमान छ न कि देवताहरुको नक्कल गर्नेहरुमा । (द्वन्द्वको अवसान बाट)

५. अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

क. लू र अन्तर्मुखी उपन्यासका लेखक को को हुन् ?

ख. शरणार्थी उपन्यासमा कुन कुन क्षेत्रका शरणार्थीहरु छन्?

ग. घुम्ती कस्तो प्रकृतिको उपन्यास हो ?

घ. सग्रामे र चित्रगुप्त कुन कुन कथाका पात्र हुन् ?

ङ. अफ्रिकन अभिगो र अंजम्मरी गाउँ कसकसका कथासंग्रह हुन् ?

## (c) आधुनिक नेपाली नाटकको उत्तरवर्ती चरण F.M. 50

१. आधुनिक नेपाली नाटकको उत्तरवर्ती चरण (२०३६ पछि) का प्रमुख रंगमञ्चीय प्रवृत्तिहरुको परिचय दिनुहोस् ।

अथवा

हिमालपारि हिमालवारि गीतिनाटकका कस्तो साँस्कृतिक चिन्तन पाइन्छ ? स्पष्ट पार्नुहोस् ।

२. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : १५

क. गोलार्द्धका दुई छेउ नाटकमा युद्धको परिणामलाई कसरी व्यक्त गरिएको छ ?

ख. सिम्मा गीति नाटकको डेड्सु किन स्वदेश फर्कने निर्णयमा पुगेको हो ?

ग. मलामी नाटकका आधारमा सरुभक्तका नाट्यप्रवृत्तिहरु के के हुन् ?

३. तलको नाट्यांश पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नको छोटोछरितो उत्तर दिनुहोस् ?

प्रेम- तिम्रो मन कसतो सुक्खा मरुभूमि, जसमा मप्रति तिम्रो विश्वासको सानो क्याक्टस पनि अझै उम्रन सकेन ।

प्रिया - मेरो अतीत जानेपछि तिम्रो मन पनि मेरो मन जस्तै सुक्खा मरुभूमि हुनेछ र अहिले तिमीले आफ्ना मनमा उमारेका प्रेमको हरियाली पहेंलिएर सुकेर जानेछ ।

प्रेम - म तिमीसंग, तिम्रो वर्तमानसंग प्रेम गर्छु प्रिया, तिम्रो अतितसंग होइन ।

प्रिया - वर्तमानको सही पहिचानको लागि अतीतमा चिहउने पर्छ । मेरो अतीत......।

प्रश्नहरु

क. यस नाट्यांशका रचनाकार को हुन् ?

ख. यस नाट्यांशमा कस्तो नाटकीय विशिष्टता पाइन्छ ?

ग. यसमा आएका मरुभूमि र क्याक्टस के केका प्रतीक हुन् ?

घ. यस नाट्यांशमा प्रेमको सोचाइ कस्तो देखिन्छ ?

ङ. वर्तमानको सही पहिचनाका लागि अतीतमा चिहाउनैपर्छ भन्नाको ताप्पर्य के हो ?

४. कुनै एक उद्धरणको प्रसंगसहित कथ्य विषय र नाटकीय कलात्मक विशेषताको व्याख्या गर्नुहोस् :

क. म फेरी मेरो छोरामा जन्मनेछु, म फेरि बच्चैदेखि जिउन पाउनेछु । मेरो आयु झन् लामो हुनेछ ।

(आमा कहिल्यै मर्दिनबाट)

१५ ख. अचेल मानिस एउटा यस्तो नगदे बाली भएको छ, जसको बिक्रीबाट क्याँटका क्याँट नोट ओहिरिन्छन् , क्याँटका क्याँट ।

(बैकुन्ठ एक्सप्रेस बाट)

५. तलका प्रश्नको अतिसंक्षिप्त उत्तर दिनुहोस् : ५

क. निमावीय र सिंहासन ककसका नाट्यकृति हुन् ?

ख. मैजु र चाकरीवाज कुन कुन नाटकका पात्र हुन् ?

ग. मदन पुरस्कार पाएको नाटक र त्यसका नाटककार को हुन् ?



Question Bank Nepal

घ. अभि सुवेदीको कुन नाट्यकृति यसपाठ्यांशमा समावेश गरिएको छ ?
ङ. भित्ते घडी नाटकमा कस्तो जीवनदर्शन पाइन्छ ?

**(d) आधुनिक नेपाली निबन्ध र अन्य विधाको उत्तरवर्ती चरण** **F.M. 50**

१. आधुनिक नेपाली निबन्धको उत्तरवर्ती चरण (२०३६ पछिका प्रमुख प्रवृत्तिको विवेचना गर्नुहोस् ।

अथवा

निबन्धकार राममणि रिसालको परिचय दिंदै उनको नयाँ वर्ष निबन्धका मुख्य विशेषताहरु औल्याउनुहोस् ।

२. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : १५

क. २०३६ पछिका अवधिमा यात्रा संस्मरण सृजनाका के कस्ता गतिविधि देखापरेका छन् ?
ख. भरतराज पन्तको आत्मपुराणमा आत्मकथाका के कस्ता विशेषता पाइन्छन् ?
ग. पत्रसाहित्य स्रष्टाका रुपमा दुर्गाप्रसाद भण्डारीका रचनामा पाइने मुख्य विशेषता के के हुन् ?

३. तलको अनुच्छेद राम्ररी पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नहरुको छिटो, छरितो र स्पष्ट उत्तर दिनुहोस् :

म अहिले बसेको सबैभन्दा पुरानो नेपाली हुँ । सबै काममा आफू पहिलो, रेडियोमा बोल्ने, पत्रिका निकाल्ने आदिआदिको श्रृङ्खला नै बन्छ । जाँदाखेरि नै नेपाललाई चिनाउन गएको थिएँ । पढ्न थालेपछि बुद्ध भारतमा जन्मेको भनेर किताबमा लेखको देखेपछि त्यो होइन, भन्नुपर्ने भयो र नेपालको परिचय देखाउनै पर्ने स्थिति आयो । भिक्षु अमृतानन्द रुस गएको बोला उहाँसँग त्यस बारेमा कुरा गरे र विद्वत् सभामा उहाँले मञ्चमा गएर रुसको समुन्नतिको कुरा गर्दै बुद्ध जन्मेको स्था नेपालको लुम्बिनी सकिएके छैन तर रुचि भने पर्याप्त छ ।

<u>प्रश्नहरु</u>

क. उपर्युक्त गद्यांश कुनको कुन कृतिबाट उद्धरण गरिएको हो ।
ख. यस गद्यांशमा म कथयिता को हुन् ?
ग. यहा कथयिता म ले आफूलाई कुन रुपमा चिनाएका छन् ?
घ. यहाँ म ले के कस्तो चिन्ता जाहेर गरेका छन् ?
ङ. यस कथनअनुसार कथयिता म ले विदेशमा नेपालको नाम अगाडि ल्याउनमा कस्तो भूमिक खेलेको देखिन्छ ?

४. तलका कुनै एक उद्धरणको कथ्य विषय, कथनपद्धति, भाषाशैली र अन्य कलात्मक विशेषताबारे संप्रसंग व्यख्या गर्नुहोस् ७.५

क. अर्को युद्ध समाप्ति प्राप्तिको मात्रै युद्ध होइन । आत्मप्रतिष्ठा र सम्मानपूर्वक जीवन व्यतीत गर्न स्वास्नीमान्छेहरुलाई पनि पैनृक अंको हैक हुनुपर्छ ।

(अंशयुद्धबाट)

ख. कोइलीदेवीले जीवनमा जे रोपिन् त्यही पाइन । उनले नाच्न छाडिन, गाउन छाडिन र लेख्न पनि छाडिन । तर त्यस बेलादेखिको उनको प्रेरक कर्मगाथाको सन्दर्भले नै उनका गाथमा जनसम्मान अपित भईरहेको छ ।

(कोइलीदेवीबाट)

५. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् :

क. युवराज नयाँघरे आफ्नो कुन निबन्ध कृतिमा मदन पुरस्कार प्राप्त गरेका थिए ?
ख. श्रीधर खनालको मुख्य नवनत्मक विशेषता के हो ?
ग. उद्धीको कोट र वरुणको रगत निबन्ध कृतिका लेखकहरु को को हुन् ?
घ. तारानाथ शर्माको पाताल प्रस्थानलाई निबन्धका कुन उपविधा अन्तर्गत राख्न सकिन्छ ?
ङ. "जेल जर्नल" कसले लेखको कस्तो कृति हो ?



Question Bank Nepal

**(e) नेपाली बाल साहित्य** **F.M. 50**

१. बालकविताको परिचय दिदै यसक तत्वहरुको निरुपण गर्नुहोस् ।

अथवा

नेपाली बालनाटकको विकासक्रमका मुख्य चरणहरु देखाउदै सबभन्दा पछिल्लो चरणका सिर्जनात्मक गतिविधिहरुबारे विवेचना गर्नुहोस् ।

२. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :

क. माधव घिमिरेका नदी र सुनपङ्खी चरी बालकविता बालस्तरका दृष्टिले कति उपयोगी छन् ?

ख. प्रेमा शाहको बाल उपन्यास आनन्दको अविष्कारको कथावस्तु र पात्र योजनामा के कस्ता विशेषता पाइन्छन् ?

ग. जनकप्रसाद हुमागाईंका पहराको बाटा बालकथाको विषयवस्तु र प्रस्तुति शैलीका विशेषता के के हुन् ?

३. तलको उद्धरण पढी अन्त्यमा सोधिएका प्रश्नहरुको छोटो छरितो उत्तर दिनुहोस् :

अन्नपात घरमा हुली भारी
पूर्णपारीकन बाँधि भकारी
आफ्ना घरघरै ती किसान
मस्त छन् सब अमीर – समान

प्रश्नहरु

क. उपर्युक्त उद्धरणका लेखक को हुन् ?

ख. यो कुन छन्दमा लेखिएको छ ?

ग. यस उद्धरणमा कुन विषयको वर्णन गरिएको छ ?

घ. सब अमीर – समान को तात्पर्य के हो ?

ङ. यस कविताशमा कुन अलंकार रहेको छ ?

४. तलका कुनै एक उद्धरणको प्रसंग निर्देश गर्दै त्यसको विषयवस्तु कथनपद्धति भाषाशैली तथा अन्य कलात्मक विशेषताबारे व्याख्या गर्नुहोस् ।

क. सुनको दिन एक उदाउँछ रे ।
यस देश खलीकन आउँ रे
रंगिला सब बादल छाउँछ रे
जल चचल भैकन गाउँछ रे

(सुनको विहानबाट)

ख. हाम्रो घर भत्के हामीले मात्र दु:ख पाउने हौं । पाटी भत्के, पधारो भत्के, बाटो भत्के, साँघु भत्के, पाठशाला भत्के, अस्पताल भत्के धेरैलाई दु:ख हुन्छ

(सातदिने सभाबाट)

५. तलका प्रश्नहरुके अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् ५

क. पानीको कथा र मैले बिर्सन नसकेको साथी कृतिका रचनाकार को को हुन् ?

ख. सिद्धार्थको करुणा र सन्तको छाता कुन कुन विधाका कृति हुन् ?

ग. मोतीराम भट्टको जीवनी नामक बाल जीवनीका रचयिता को हुन् ?

घ. जूनतारा बालकाव्यका लेखकको नाम के हो ?

ङ. तेज प्रकाश श्रेष्ठका कुन कुन कृतिहरु यस पाठ्यांशमा समावेश गरिएका छन् ?

**(f) नेपालका विविध भाषाको साहित्यिक रुपरेखा** **F.M. 50**

१. नेपालको संस्कृत साहित्यको वर्तमान स्थिति के कस्तो छ ? समीक्षात्मक उत्तर दिनुहोस् ।

अथवा



Question Bank Nepal

आधुनिक नेवारी उपन्यास परम्पराको विवेचना गर्नुहोस् :

२. कुनै चार प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :

क. नेपाली अवधी साहित्यको वर्तमान स्थिति के कस्तो छ ?

ख. नेपाली मैथिली साहित्यमा नाट्यसृजनाका के कस्ता प्रयासहरु भएका छन् ?

ग. तामाङ साहित्य प्रकाशनका गतिविधिहरु के कस्ता रहेका छन् ?

घ. नेपाली लिम्बु साहित्यका प्रमुख कविहरु र तिनका प्रमुख सृजनात्मक उपलब्धि के के हुन् ?

ङ. मगर साहित्यको परम्परा के कस्तो रहेको छ ?

च. थारु भाषामा पत्रपत्रिका प्रकाशनको परम्परा के कस्तो रहेको छ ?

३. तलका सबै प्रश्नहरुको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् :

क. नेपाली संस्कृत महाकाव्य सत्यहरिश्चन्द्रका लेखक को हुन् ?

ख. माणिकलाल श्रेष्ठले नेवारीमा लेखेको समालोचना सिद्धान्तसम्बन्धी कृतिको नाम के हो र त्यो कति नेपाल सम्बतमा छापिएको थियो ?

ग. मैथिली लोकसाहित्यका कुनै दुई प्रमुख अध्येताका नाम लेख्नुहोस् ।

घ. नेपालमा सेर्पा भाषाकावक्ताहरु कति प्रतिशत छन् ?

ङ. नेपालको थारु भाषामा प्रकाशित कुनै दुईवटा कवितासंग्रहका नाम लेख्नुहोस्

**(g) भारतीय नेपाली साहित्य** **F.M. 50**

१. भारतीय नेपाली आख्यानको विकास प्रक्रिया र मुख्यप्रवृत्तिको चर्चा गर्नुहोस् ।

२. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : १५

क. मलाई नसोध कहा दुख्छ घाउ गीतको मूल भाव के हो ?

ख. ब्रह्मपुत्रको छेउछाउ उपन्यासमा के कस्तो सामाजिकता पाइन्छ ?

ग. बसन्त बेला निबन्धको मूल भाव के हो ?

३. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् : ७.५

नढाँटी भन्नु हो भने साहित्यका उद्देश्यको कुनै सिद्धान्त पनि मेरो पक्षमा मिल्ने खालको छैन । म न ता जीवनका निम्ति लेख्छु, न कलाका निम्ति । फेरि मेला लेखाइमा कला हुन्छ नै भन्ने पनि ता कुनै तोक छैन । यसका निम्ति लेख्छु भनौं भने हाम्रो जातिमा मरेपछि कलाकार र साहित्यकारहरुले यश प्राप्त गर्ने गरको तथ्यसँग म परिचित छदैछु । त्यसैले चाडै यश प्राप्त गरिहालूँ भन्ने हतारमा कही आत्महत्या गरेर - नरहे बास नबजे बाँसुरी होला कि भनेर र छदैछ किनभने म चाँहि यो संसारमा यशविहीन भएरै भए पनि धेरै दिन बाँचन चाहने हुँ ।

प्रश्नहरु

क. यसमा लेखकले आफूले कुन उद्देश्यका निम्ति लेख्ने कुरा संकेत गरेका छन् ?

ख. यसमा साहित्यकारहरुको कस्तो अवस्थाको चित्रित छ ?

ग. लेखकले यशविहीन भएर धेरै दिन बाच्न चाहनुको कारण को हो ?

घ. यसमा लेखकले के माथि व्यङ्ग्य गरेका छन् ?

ङ. यो अनुच्छेद कुन पाठबाट लिइएको हो ?

४. कुनै एक प्रश्नको प्रसंग बताउदै भाव, विचार, भाषाशैली भाषाशैली तथा अन्य कलात्मक विशेषताहरुको व्याख्या गर्नुहोस् ।

क. सुगौलीको माँले अझ पर्यन्त
नेपालीको नाङ गिएको आकांक्षा भानीहेछ ।
सुगौलीको आकाशले अझ पर्यन्त
नेपाली चुँडिएको अस्तित्व हेरिरहेछ ।
(युद्ध र योद्धाबाट)

ख कहाँदेखि हिमाल राम्रो देखिन्छ, हेर्दै सर्दै यहाँ आइपुगेका छौं

Question Bank Nepal

अब कही कतै जान मन लाग्दैन । बिहान झ्याल खोलेर हिमाल हेर्न घर हामी प्रत्येकको हुनुपर्छ ।

(हामीजस्तै मैनाकी आमाबाट)

५. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् :

क. आमा महाकाव्यका रचनाकार को हुन् ?

ख. शिशिरको बतास उपन्यासका प्रमुख चरित्र को को हुन् ?

ग. जातीय रोगको अचूक औषधी निबन्धका लेखक को हुन् ?

घ. युद्धहरु कसको कृति हो ?

ङ. बितेका कुरा कथाका लेखक को हुन् ?

## Tribhuvan University, 2069

**A. अनुवाद विधि र कार्य**

१. अनुवादको आशयमाथि प्रकाश पार्दै यसका पूर्णआंशिक प्रकारहरुबारे समीक्षा गर्नुहोस् ।

अथवा

अनुवाद स्रोत भाषा र लक्ष्य भाषाका बीचमा पाइने रुपात्मक तथा कोशीय तुल्यताबारे विवेचना गर्नुहोस् । १५

२. कुनै तीन प्रश्नको उत्तर दिनुहोस् : २२.५

क. शब्दानुवाद भन्नाले के बुझिन्छ ? यसका सीमा के के हुन् ?

ख मूल पाठात्मक तुल्यताको तात्पर्य के हो ? यसलाई कसरी ठम्याइन्छ ?

ग. अनुवादमा संरचनात्मक अन्तरणको पहिचान कसरी गर्न सकिन्छ ?

घ. अनुवाद कार्यलाई किन प्रायोगिक भाषाविज्ञान अन्तर्गत राखिन्छ ?

ङ. मसिन अनुवादबाट साहित्यिक कृतिको अनुवाद हुन सक्दैन भन्ने भनाइलाई कसरी पुष्टि गर्न सकिन्छ ?

३. तलको अनुदित गद्यांशमा प्रयुक्त पद, पदावली, वाक्यांश र व्याकरणगत सम्बन्धको उपयुक्त प्रयोगका साथै वर्णविन्यासगत अशुद्धिहरुलाई समेत सच्याई सम्पाद गर्नुहोस् :

मध्ये तराईका विभिन्न जिल्लामा बोलिन्छ - झाँगड भाषा । यस भाषा मुख्य थलो नेपालमा झापा, बिराटनगर, सिरहा र भारतको नागपुर मानिन्छ । भारतको कुरुसा भाषासँग यसको साम्यता छ भनिन्छन् । यस यस भाषामा मुण्डा भाषाको पनि प्रभाव पाइएके बताइन्छ । तराइ क्षेत्रको भाषा भएकाले यी भाषामा भोजपुरी र मैथिली भाषाका पनि प्रभावहरु पाइन्छन् ।

४. तलका प्रश्नहरुको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

क. अनुवादविज्ञान भाषाविज्ञानको कुन शाखा अन्तर्गत पर्दछ ?

ख. रुपात्मक तुल्यताको तात्पर्य के हो ?

ग. गाई र स्यालका मिल्ने नमिल्ने एक /एक कोशीय अभिलक्षण के के हुन् ?

घ. अंग्रेजी भाषाको कुनै दुई शब्दको नेपालीमा गरिने भाषानुवादका उदाहरण के के हुन् ?

ङ अनुवादका कुनै दुई प्रकार के के हुन् ?

**B. पत्रकारिता**

१. नेपाली मुद्रण पत्रकारिताको विकासक्रमका बारेमा चर्चा गर्नुहोस् ।

अथवा

सञ्चारको परिभाषा र प्रकार माथि प्रकाश पार्नुहोस् ।

२. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :

क. नेपाली साहित्यिक पत्रकारिताका समस्याहरु के के हुन् ?

ख. फोटो पत्रकारिता भन्नाले के बुझिन्छ ?

Question Bank Nepal

ग. छापा पत्रकारिता र विद्युतीय पत्रकारितामा के भिन्नता छ ?

३. कुनै एक विषयमा छापा माध्यमबाट प्रस्तुत गरिने आकर्षक विज्ञापनको नमुना तयार गर्नुहोस्
   क. पोखरी माविका निम्ति शिक्षकको आवश्यकता
   ख. भर्खरै प्रकाशित नेपाली पत्रकरिता पुस्तकको प्रचार

४. आफ्नो क्याम्पसको वार्षिकोत्सवका अवसरमा सम्पन्न कार्यक्रमको समाचार संकलन गरी पत्रिका प्रकाशनार्थ पठाइने समाचारको नमुना तयार पार्नुहोस् ।

५. तलका प्रश्नहरुको अतिसंक्षिप्त उत्तर दिनुहोस् :
   क. प्रेश काउन्सिलको स्थापना कहिले भएको हो ?
   ख. ए. बी. सी को पूण रुप के हो ?
   ग. शारदा मासिकका पहिलो सम्पादक को हुन् ?
   घ. प्रयोगात्मक पत्रकारिता पुस्तकका लेखक को हुन् ?
   ङ. समाचारसँग सम्बन्धित संस्था कुन कुन हुन् ?
      साहित्यिक पत्रकार संघ बीबीसी र सगरमाथा एफ. एम.

## C. वाक्कला

१. वाक्कलाको अर्थ स्पष्ट पार्दै आदर्श वक्ताका गुणहरुको विवेचना गर्नुहोस् ।

अथवा

वाक्कलाको क्षेत्र चिनाउदै वाक्कला र मनोविज्ञानको सम्बन्ध स्पष्ट पार्नुहोस् ।

२. तलका कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस्
   क. तार्किकता र प्रवाहपूर्णतालाई किन वाक्कलाका आदर्शगुणका रुपमा लिइन्छ ?
   ख. प्रवचनको रचना गर्दा के के कुरामा ध्यान दिनुपर्छ ?
   ग. वक्ता र श्रोतालाई वाक्कलाका विशिष्ट पक्षका रुपमा कसरी चिनाउन सकिन्छ ?

३. शैक्षिक संस्थाको वार्षिकोत्सव समारोहका निम्ति गरिने कार्यक्रम तयार पार्नुहोस् ।

अथवा

वर्तमान नेपालमा विद्यार्थीको भूमिका विषयमा बढीमा न्यूनतम २५० शब्दसम्मको भाषण तयार गर्नुहोस् ।

४. उद्घोषमा के कस्ता विशेषताहरु अपेक्षित हुन्छन् ? उल्लेख गर्नुहोस् ।

५. तलका प्रश्नको अतिसंक्षिप्त उत्तर दिनुहोस् :
   क. उद्घोषणको दुई प्रकार के के हुन् सक्छन् ?
   ख. शुद्घतालाई आर्दश वाक्कलाको आवश्यक गुण किन मानिन्छ ?
   ग. दर्शन दीर्घाले के बुझाउछ ?
   घ. कार्यक्रममा धन्यवाद ज्ञापन कति वेला गरिन्छ ?
   ङ. स्वागत मन्तव्य भनेको के हो ?

## D. रङ्गमञ्च

१. प्राचीन ग्रिसेली रंगमञ्चका विशेषताहरुको विवेचना गर्नुहोस् ।

अथवा

मल्लकालीन नेपाली रंगमञ्चका प्रमुख उपलब्धिहरुबारे वर्णन गर्नुहोस् ।

२. कुनै तिन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :
   क. नेपाली लोक रंगमञ्चका विशेषता के के हुन् ?
   ख. आधुनिक यथार्थवादी रंगमञ्चको स्वरुप कस्तो हुन्छ ?
   ग. नाट्य मञ्चनमा ध्वनि र प्रकाशको के कस्तो महत्व हुन्छ ?
   घ. नाट्य मञ्चनमा दर्शको भूमिका कस्तो हुन्छ ?
   ङ. खुला (सडक) रंगमञ्चका विशेषता के के हुन् ?



Question Bank Nepal

३. आफूले पढेको कुनै एक नाटकको रंगमञ्चीय विशेषताको वर्णन गर्नुहोस् ।

अथवा

आफूले अवलोकन गरेको कुनै एक नेपाली नाटकको रंगमञ्चीय विशेषता र कमजोरीको उल्लख गर्नुहोस् ।

४. तलका प्रश्नको अतिसंक्षिप्त उत्तर दिनुहोस् :

क. पूर्वीय नाट्यशास्त्रीहरुले चर्चागरेका अभिनयका चार प्रमुख प्रकार के के हुन् ?

ख. नेपाली नाट्यपरम्परामा सेक्सपियर र इब्सेनको नाट्यशीला अनुसरण गर्ने प्रमुख नाटककार को को हुन् ?

ग. नेपाली सडक नाटको प्रयोक्ता कसलाई मानिन्छ ?

घ. रंगकर्मी र प्रेक्षक भनेका को हुन् ?

ङ. नेपालको प्रमुख रंगमञ्च कुन कुन हुन् ?

## Tribhuvan University, 2070

**A. अनुवाद र विधि र कार्य**

1. अनुवादको परिचय प्रस्तुत गर्दै यसका शाब्दिक तथा यान्त्रिक प्रकारहरूबारे समीक्षा गर्नुहोस । १५

अथवा

अनुवादमा अन्तरणको तात्पर्य स्पष्ट पार्दै यसका स्तरगत र संरचनागत रूपबारे चर्चा गर्नुहोस् ।

2. कुनै तिन प्रश्नको उत्तर दिनुहोस् : ३×७.५ = २२.५

(क) अनुवादमा रूपात्मक तुल्यताको तात्पर्य के हो ?

(ख) अनुवाद कार्यलाई किन प्रायोगिक भाषाविज्ञान अन्तर्गत राखिन्छ ?

(ग) अनुवाद कार्यका मुख्य मुख्य सीमा र सम्भावना केलाई मान्न सकिन्छ ?

(घ) अनुवाद कार्यमा भाषाको प्रयुक्तिगत तथा शैलीगत भेदको के कस्तो स्थिति रहेको हुन्छ ?

(ङ) अनुवादमा अर्थसिद्धान्ताट निर्दिष्ट अवधारणाको प्रयोग कसरी गर्न सकिन्छ ?

3. तलका अनूदित गद्यांशमा प्रयुक्त पद, पदावली, वाक्यांश र व्याकरणगत सम्बन्धको उपयुक्त प्रयोगका साथै वर्णविन्यासगत अशुद्धिहरूलाई समेत सच्याई सम्पादन गर्नुहोस : ७.५

वर्तमान समयमा वाल अपराधको संख्या बढ्द गएको छन् । बाल अपराधको नियन्त्रणका कानून पनि बन्दै गएका छन् । बालकहरू अपराध कायमा किन लाग्छन् ? यसको कारणहरू के के हुन ? खोजिनु पर्छन् । बालकहरूको लालन् पालन् राम्रो नहुनु, घर परिवारबाट राम्रा माया नपाउनु पारिवारिक तनाव,अभाव गरिबी, बेवास्तापन आदि । मानसिक विकासको असहज स्थितिले विद्रोही बनाउँछ - बालकलाई पारिवारिक अलगावले विद्रोही बनाउँछ । बालकलाई अनि उनीहरूमा आक्रोश जन्मन्छ । उनीहरूका क्रियाकलाप त्यसैका प्रतिक्रिया हो ।

4. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) मूल रूपात्मक तुल्यताको तात्पर्य के हो ?

(ख) द्वैभाषिक र वहुभाषिक कोशमा के अन्तर छ ?

(ग) शव्द साहचर्यको कुनै एक उदाहरण के हो ?

(घ) कोशीय अभिलक्षण भन्नाले के बुझिन्छ ?

(ङ) 'गाउँखाने कथा'को अंग्रेजीमा हुने शब्दानुवादलाई किन त्रुटिपूर्ण अनुवाद मानिन्छ ?

Question Bank Nepal

B. पत्रकारिता

1. पत्रकारिताको परिभाषा प्रस्तुत गर्दै यसका प्रकारका बारेमा चर्चा गर्नुहोस् । १५

अथवा

विद्युतीय पत्रकारिताको परिचय गर्दै रेडियो र टेलिभिजन पत्रकारितामाथि प्रकाश पार्नुहोस् ।

2. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५ = १५

(क) २००७ सालपूर्वको नेपाली पत्रकारिताका समस्या र उपलब्धि के के हुन् ?

(ख) व्यङ्ग्यचित्रको औचित्य के हो ?

(ग) साहित्यिक पत्रकारिता र समाचारमूलक पत्रकारितामा के फरक छ ?

3. कुनै एक विषयमा छापा माध्यममा प्रस्तुत गरिने आकर्षक विज्ञापनको नमुना तयार पार्नुहोस् : ७.५

(क) हिमाल चिया कम्पनीद्वारा गरिने 'सयपत्रि चिया'को प्रचार

(ख) गोरखापत्र संस्थानमा 'प्रुफ रिडर' को आवश्यकता

4. तपाईंले पढेको कुनै पुस्तकको पुस्तक समीक्षा गर्नुहोस् । ७.५

5. तलका प्रश्नहरूको अतिसंक्षिप्त र वस्तुगत उत्तर दिनुहोस् : ५

(क) नेपाल टेलिभिजनको स्थापना कहिले भएको हो ?

(ख) बी.एफ. र पी.डी. एफ. का पूर्णरूप के के हुन् ?

(ग) पहिलो नेपाली साहित्यिक पत्रिका कुन हो ?

(घ) 'समाचार संकलन र सम्पादन' पुस्तकका लेखक को हुन् ?

(ङ) समाचार उत्पादन गर्ने संस्था कुन कुन हुन् ?
सी.एन.एन., प्रेस काउन्सिल र रासस ।

C. वाक्कला

1. वाक्कलालाई परिभाषित गर्दै यसको अन्य शास्त्रसँगको सम्बन्धबारे विवेचना गर्नुहोस् । १५

अथवा

'वाक्कला प्रभावशाली सार्वजनिक अभिव्यक्तिको रचना सिद्धान्त हो ।' पुष्टि गर्नुहोस् ।

2. तलका कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) सञ्चालनात्मक र प्रचारामक उद्घोषणका बिच के भिन्नता छ ?

(ख) सम्प्रेषण र सरणी (च्यानल) लाई करी वाक्कलाका विशिष्ट पक्ष मानिन्छ ?

(ग) वादविवादको रचना गर्दा कुन कुन कुरामा ध्यान दिइन्छ ?

3. 'राष्ट्रिय एकता र अखण्डता'का बारेमा कम्तीमा २५० शब्दसम्मको वक्तृता तयार गर्नुहोस् । ७.५

अथवा

क्याम्पसमा नवै आगन्तुक विद्यार्थीहरूका स्वागतमा आयोजना गरिने कार्यक्रमको रूपरेखा तयार पार्नुहोस् ।

4. कस्तो भाषण श्रोताहरूका लागि पट्यारलाग्दो हुन्छ ? ७.५

5. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस: ५

(क) भाषणमा 'दाजुभाइ दिदी बहिनी !' भनेर कसलाई सम्बोधन गरिन्छ ?

(ख) आदर्श वाक्ककलामा प्रवाहपूर्णता हुनु पर्छ भनेको के हो ?

(ग) भाषण, प्रवचन र वादविवादमध्ये कुनमा एउटै व्यक्ति वक्ता र श्रोता बन्न सक्तछ ?

(घ) कार्यक्रमको समापन प्रमुख अतिथि, सभाको अध्यक्ष र सञ्चालकमध्ये कसबाट गरिन्छ ?

(ङ) 'लोकार्पण' पर्यायवाची शब्द के हुन सक्छ ?

Question Bank Nepal

**D. रङ्गमञ्च**

1. पूर्वीय रङ्गमञ्चका प्रकारहरूको उल्लेख गर्दै तिनका प्रमुख अङ्गको परिचय दिनुहोस् ।

अथवा १५

नेपाली रङ्गमञ्चका विशेषताहरूको वर्णन गर्नुहोस् ।

2. कुनै तिन प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ३×७.५ = २२.५

(क) नाट्य मञ्चनको सेटिङ भन्नाले के बुझिन्छ ?

(ख) नेपाली थियटर रङ्गमञ्चका प्रमुख विशेषता के हुन् ?

(ग) नाट्यमञ्चनमा निर्देशकको भूमिका के कस्तो हुन्छ ?

(ङ) खुला (सडक) रङ्गमञ्चका विशेषता के हुन् ?

3. आफूले अध्ययन गरेको कुनै एक नाकको रङ्गमञ्चीय विशेषताको वर्णन गर्नुहोस् ।

अथवा ७.५

आफूले अवलोकन गरेको कुनै एक रङ्गमञ्चको वर्णन गर्नुहोस् ।

4. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) नेपाली रङ्गमञ्चमा मञ्चित पहिलो आधुनिक नेपाली नाटक कुन हो ?

(ख) 'सर्वनाम' र 'आरोहण' नामक संस्थाको प्रारम्भ वर्ष कुन हो ?

(ग) नेपालका दुई ठूला रङ्गमञ्च कुन कुन हुन् ?

(घ) मितव्ययी रङ्गमञ्च भन्नाले के बुझिन्छ ?

(ङ) पाश्चात्य रङ्गमञ्चमा पर्दाको प्रयोग कुन चरणबाट भएको हो ?

## Tribhuvan University, 2070

समूह (A) अनिवार्य, समूह (B) मध्येबाट कुनै एक विषय लिनुपर्नेछ ।

1. भाषाको परिभाषा दिई भाषाका विशेषतामाथि प्रकाश पार्नुहोस् । १५

अथवा

नेपालमा बोलिने भाषाहरूको पारिवारिक वर्गीकरण गरी कुनै दुई परिवारको परिचय दिनुहोस् ।

2. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) नेपाली भाषामा के कस्ता सामाजिक भेद पाइन्छन् ?

(ख) प्राथमिक मानस्वर कस्ता हुन्छन् ?

(ग) रूपायन र व्युत्पादनमा के भिन्नता हुन्छ ?

3. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) समीभवन र विषमीभवन भनेको के हो ?

(ख) भाषिक आगमन भनेको के हो ?

(ग) नेपालमा भाषानीतिको प्रयोग कसरी गरिएको छ ?

4. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) भाषाका प्रमुख दुई विशेषता के के हुन् ?

(ख) नेपाली भाषाका अघोष व्यञ्जन कुन कुन हुन् ?

(ग) 'घर' शब्दका सन्दर्भ परक तिन अर्थ के के हुन् ?

(घ) लेप्चा र राउटे भाषा कुन कुन क्षेत्रमा बोलिन्छन् ?

(ङ) नेपालमा दुई लोपोन्मुख भाषा कुन कुन हुन् ?

**B. (a) आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण Full Marks : 50 Times : $1\frac{1}{2}$ hrs.**

1. आधुनिक नेपाली कविताको उत्तरवर्ती चरणको परिचय दिई यस चरणका कविताका प्रमुख प्रवृत्तिहरूको विवचेना गर्नुहोस् । १५



Question Bank Nepal

अथवा

'देवयानी' खण्डकाव्यका प्रमुख वैशिष्ट्यको विवचेना गर्नुहोस ।

2. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस : २×७.५ =१५

(क) विमल निभाका कविताका मुख्य विशेषता के हुन् ?

(ख) 'बन्दी र चन्द्रागिरि'[1] काव्यमा बन्दी पात्र र उसद्वारा सम्बोधित चन्द्रागिरि बिच संवादको मुख्य सन्दर्भ के हो ?

(ग) दैवज्ञराज न्यौपानेका गीतमा के कस्तो वैचारिक स्वर पाइन्छ ?

3. तल उद्धुत अंश राम्ररी पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नहरूको छोटोछरितो उत्तर दिनुहोस् : ७.५

तिम्रो मन्दिरको मूर्तिमा मेरो आरनको गन्ध आउँछ
ओदानमाथिको कराहीमा मेरो पसिनाको गन्ध आउँछ
आँखा जुधाउने आँट गर धर्माती मान्छे
कि मेरो अस्तित्वलाई भुङ्ग्रोमा पोल र धर्म धान्ने आँट गर
कि मेरो अपमान गर्ने शास्त्रका पानाहरूलाई जलाउने साहस गर
म तिम्रो मनिदरको देवता बनाउने कामी हुँ ।
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ ।

प्रश्नहरू

(क) यस कवितांशका रचयिता कवि को हुन् रयो कुन कवितााट उद्धृत गरिएको हो ?

(ख) यहाँ वाचक /सम्बोधक पात्र र 'गहुँगोरो अफ्रिका' बिच कुन किसिमको सम्बन्ध छ ?

(ग) यस कवितांशको कस्तो सामाजिक संरचनालाई संकेत गर्दछ ?

(घ) वैचारिक दृष्टिले यस मार्फत के सन्देश दिन खोजिएको छ ?

(ङ) उदृतांशका पहिलो र अन्तिम, पङ्क्तिमा के कस्तो वर्णगत आवृत्ति विधान पाइन्छ ?

४. प्रसङ्ग निर्देश गर्दै तलको कुनै एक उद्धरणको भाव-विचार, कथनपद्धति, लयविधान, भाषाशैली तथा अन्य कलात्मक विशेषताबारे व्याख्या गर्नुहोस : ७.५

(क) 'लावा दूध' खुवाई खुवाई पालेकै त थियौं हाम्ले
क्या अचम्भ, तर पनि हामीलाई नै डस्नु हुन्छ ।
बाढीको वेवास्ता गर्दै बाँध भत्काइ राख्नु भा छ
किल्लासम्मै भेल पसे कुन दुलामा पस्नु हुन्छ ?
(गलज २७ 'कति पेच कस्नु हुन्छ' बाट)

(ख) बिहानको सग्लो राष्ट्रियता
बेलुका हराएको छ
बेलुकाको सग्लो नागरिकता
बिहान ब्युँझदा हराएका छ
......................
हराउनु एउटा परम्परा भएर उभिएपछि
अचेल राष्ट्र हराउँदा हराउँदै केही बाँकी छ ।
('हरायो' कविताबाट)

5. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) आधुनिक नेपाली कविताको स्वच्छंन्दतावादी धाराको मुख्य समयावधि कुन हो ?

(ख) भरतराज पन्त र रामचन्द्र भट्टराई कुन कुन धाराका कवित हुन् ?

(ग) 'फूलको आँखामा फूलै संसार' तथा 'पोहोर साल खुंसी फाट्यो' गीतका रचनाकार को को हुन् ?

Question Bank Nepal

(घ) लयविधानका दृष्टिले 'देवयानी' र 'इन्द्रजात्रा' कस्ता खण्डकाव्य हुन् ?

(ङ) यस पाठ्यांशमा शैलेन्द्र साकार र तोया गुरुङका कुन कुन कविता निर्धारण छन् ?

**(c) आधुनिक नेपाली आख्यानका उत्तरवर्ती चरण Full Marks : 50 Times : $1\frac{1}{2}$ hrs**

1. आधुनिक नेपाली कविताको उत्तरवर्ती चरणमा के कस्ता नवीन प्रवृत्तिहरू देखा परेका छन् ? १५

अथवा

'छापामारको छोरो' कथामा द्वन्द्वको समाधानका लागि के कस्तो उपाय प्रस्तुत गरिएको छ ?

2. डायमन शमशेरका औपन्यासिक प्रवृत्तिहरूको समीक्षा गर्नुहोस् । १५

अथवा

'उलार' उपन्यासमा तराईका सीमान्तीकृत नेपालीले भोग्नुपरेको समस्याको आलोचना कसरी गरिएको छ ? स्पष्ट गर्नुहोस् ।

3. कुनै एक प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ७.५

(क) 'चित्कार' कथामा कस्तो मानवीय संवेदनाअभिव्यक्त भएको छ ?

(ख) 'द्वन्द्वको अवसान' उपन्यासको शीर्षकीय सार्थकता कसरी सिद्ध गर्न सकिन्छ ?

4. तल दिइएको कुनै एउटा गद्यांशको प्रसङ्गसहित कथ्य विषय, कथनपद्धति र शैलीगत विशेषताको व्याख्या गर्नुहोस् : ७.५

(क) राजधानीको जेलको त्यो कोठा एउटा दर्पण हो, जहाँ सिङ्गै नेपालको छाया हेर्न सकिन्छ । जहाँ देको अन्याय र अत्याचार हेर्न सकिन्छ । ('इरफान अली' बाट)

(ख) ती हाडछाला भएका बच्चाहरूको सम्झनालेमेरो भोजन र रक्सीको स्वाद खलबल्याउँछ तथा मेरो कमलो ओछ्यान बिझ्ने गराउँछ । मलाई आफ्नो भरिएको पेट र स्वस्थ हातखुट्टा अपराध बोध हुन्छ । (वैभवको पीडा' बाट)

5. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) 'बन्धकी खुसीहरू' र 'रङ्गीन पोखरी' कसकसका कथासङ्ग्रह हुन् ?

(ख) सीताहरू - २३ कथाका कथाकार को हुन् ?

(ग) 'स्वर्गमा समस्या' र 'सरल रेखा' कुन प्रकारका कथा हुन् ?

(घ) 'उलार' उपन्यासकी द्रौपदी र सावित्री कुन पेसाका पात्र हुन् ?

(ङ) 'पाण्डुलिपि' र 'गृहप्रवेश कसकसका उपन्यास कति हुन् ?

**(c) आधुनिक नेपाली आख्यानका उत्तरवर्ती चरण Full Marks : 50 Times : $1\frac{1}{2}$ hrs**

1. आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण (२०३६ पछि)मा सडकनाटकले के कस्तो नवीनता सिर्जना गरेको छ, विवेचना गर्नुहोस् । १५

अथवा

'समय, समय, अनि समय' नाटकमा महाकाल र मान्छेको सम्बन्धलाई कसरी देखाइएको छ ? स्पष्ट पार्नुहोस् ।

2. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) 'हिमालवारि र हिमालपारि' गीतिनाटकमा नेपालको के कस्तो सुन्दरता चित्रित छ?

(ख) 'आमा कहिल्यै मर्दिन' नाटकको वैचारिक आधार के हो ?

(ग) 'सडक' नाटकमा मान्छेको जिजीविषालाई कसरी प्रकट गरिएको छ ?

3. तलको नाट्यांश पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् : ५×१.५=७.५

डाक्टर - बिचरी ! साँच्चै आमा, लेबनानबाट कुमार दाइको पछि कुन पनि खबर आएन, होइन?

आमा - डाक्टर नानी, खबर आएन मात्रै होइन, मलाई थाहा छ, अब कहिले पनि



Question Bank Nepal

आउँदैन् । (उत्तेजित भएर उठ्छिन्) तर, तर म बुनुलाई कहिल्यै सेतो लुगा लगाउन दिँदिनँ । तिमीलाई थाहा छ ? सिपाहीको स्वास्नी कहिले पनि विधुवा हुँदिन ।

डाक्टर - हो, बिचरा कुमार दाइ शान्तसेनामा जानुभयो । उहाँलाई गोली लागेको हो नै भने पनि उहाँ शान्तिरक्षाका लागि सहिद हुनुभयो ।

प्रश्नहरू ,

(क) यस नाटयांशका रचनाकार को हुन् ?

(ख) यस नाट्यांशले पाठक / दर्शकका मनमा कस्तो प्रभाव पार्दछ ?

(ग) यसमा 'सिपाहीकी स्वास्नी कहिले पनि बिधुवा हुँदिन' किन भनिएको हो ?

(घ) शान्तिरक्षामा सहिद हुनु भनेको के हो ?

(ङ) यसमा 'सेतो लुगा' र 'सहिद'का बिच के कस्तो तादात्म्य पाइन्छ ?

4. कुनै एक उद्धरणको प्रसङ्गसहित नाट्यविषय र कलात्मक विशेषताको व्याख्या गर्नुहोस् : ७.५

(क) तिमी मान्छेको माया मान्छेलाई फिर्ता देऊ । तिमी धर्तीमा माया स्थापिता गर ।

('गोलार्द्धका दुई छेउ'बाट)

(ख) अचेल मानिस एउटा यस्तो नगदै बाली भएको छ, जसको बिक्रीबाट क्याँटका क्याँट नोट ओहिरिन्छन्, क्याँटका क्याँट । ('बैकुण्ठ एक्सप्रेस'बाट)

5. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) उत्तरवर्ती चरणका कुन नाटककारमा जापानी 'नो' नाटकको प्रभाव पाइन्छ ?

(ख) सरुभक्तका कुनै दुई विज्ञान नाटक के के हुन् ?

(ग) नर्स र मुखिनी साहुनी कुन् कुन नाटकका पात्र हुन् ?

(घ) 'आरुका फूलको सपना' र 'समानान्तर' नाट्य कृतिका लेखक को के हुन् ?

(ङ) मानबहादुर मुखिया र रायनका कुन कुन कृति यस पाठ्यांशमा समाविष्ट छन् ?

**(d) आधुनिक नेपाली निबन्ध र अन्यविधाको उत्तरवर्ती चरण Full Marks : 50**

**Times : 1½ hrs**

1. आधुनिक नेपाली निबन्धको उत्तरवर्ती चरणको चर्चा गर्दै यस चरणका प्रमुख विशेषताहरूको निरुपण गर्नुहोस् ।

अथवा

कमलदीक्षितको निबन्ध लेखनका विशेषताहरूको चर्चा गर्दै उनको 'उखान मिलेन' निबन्धको विषयवस्तुबारे स्पष्ट पार्नुहोस् ।

2. कुनै दुई प्रशनको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) घटराज भट्राईको 'कृष्ण प्रसाद रेग्मी' शीर्षकको जीवनीमा जीवन लेखनका कस्ता विशेषता पाइन्छन् ?

(ख) 'दिवोदास र शम्बर' निबन्धमा के कस्तो वैचारिकता पाइन्छ ?

(ग) 'हरिभक्तिसँगको भेटघाट' यात्रा संस्मरणमा के कस्तो प्रस्तुतिगत ढाँचा पाइन्छ ?

3. निम्नलिखित अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : ५×१.५=७.५

म बकुल्लो झैं बडो ध्यानपूर्वक यी सबै गन्थनहरू सुन्दै अमेरिकी प्राध्यापकहरूका अमेरिकी सामाजिक धारणाबारे विचार गरिरहें । के खुला बजार सबैको लागि लाभदायक हुन्छ ? के सबैले उचित मोल पाउँछन् ? के यसमा प्रतियोगिताका लागि सबैले समान अवसर पाउँछन् ? यी सबै प्रश्नहरूका जवाफ मैले आफ्नै मनभित्र खोज्दा 'होइन' भनी पाउँछु । यहाँ जे - जे कुरा हेर्न - सुन्न पाएको छु, त्यसबाट यही कुरा उदाङ्गिएको छ कि यहाँ पनि बुद्धिजीवी र धनीहरू बिच त्यही मिलेमतो छ, जुन नेपाल जस्ता अरू विकासशील मुलुकहरूमा भेटिन्छ । धनीले बुद्धिजीविहरूलाई पाल्छ, झुठो आत्मसम्मानको टुक्रो उनको



Question Bank Nepal

अगाडि फाल्छ । अनि बुद्धिजीविले त्यसको साटो धनीलाई खोक्रो जीवनको भोग्न पनि नसकिने, मात्र शोषणका साधन बन्ने बोक्रिएको धनको कुहिएको दर्शन गढेर दिन्छ । उँट र गधाको– 'अहो रूपं, अहो ध्वनि' ।

प्रश्नहरू

(क) प्रस्तुत अंश कुन पाठबाट लिइएको छ ?

(ख) यहाँ खुला बजारबारे कस्तो आशङ्का व्यक्त गरिएको छ ?

(ग) खुला बजार कसको सााजिक धारण हो ?

(घ) बुद्धिजीवी र धनीहरूको सम्बन्ध कस्तो छ ?

(ङ) बुद्धिजीविले धनीलाई के दिन्छ ।

4. तलका कुनै एक गद्यांशको प्रसङ्ग निर्देश गर्दै भाव-विचार, कथनपद्धति, भाषाशैली र अन्य कलात्मक विशेषताहरूको सप्रसङ्ग व्याख्या गर्नुहोस् । ७.५

(क) प्रत्येक मान्छेभित्र एउटा अपनत्वको छुट्टै आँखा हुन्छ, विचार बेग्लै खुट्टा हुन्छन्, मौलिकताका पखेता हुन्छन् । यिनै अन्तर्मनका सिम्फोनी आँखाबाट हेरिरहेछु म कोशीको पानीलाई । ('हिमाललाई पानीको तिर्खा'बाट)

(ख) जीवनको चिट्ठा खोलिने ठाउँ हो यो 'जीवन' र 'मृत्यु' दुईवटा हात खाली नहुने ठूलठूला पुरस्कारहरू वितरण गरिन्छं । ('अमर सृजना'बाट)

5. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) 'उखान मिलने' र 'नुनको खोजी' निबन्ध सङ्ग्रहका लेखक को हुन् ?

(ख) पत्र साहित्य अन्तर्गत दुर्गा प्रसाद भण्डारीको कुन रचना यस पाठ्यांशका निर्धारित छ ?

(ग) निबन्धकार मिल निभा र महेश्वर राय कहिले जन्मेका हुन् ?

(घ) 'तपाईं भयभीत हुनुहुन्छ' कस्तो निबन्ध हो ?

(ङ) 'रुसी परिवेशमा नेपाली प्रतिबिम्ब' अन्तर्वार्ताको अन्तर्वार्ता दिने व्यक्ति को हुन् ?

**(e) नेपाली बाल साहित्य** **Full Marks : 50** **Times : 1½ hrs**

1. नेपाली बालकविताको परिचय दिई बालकविताको विकासक्रमका चरणहरुको निरुपण गर्नुहोस् । १५

अथवा

नेपाली बाल उन्यासको विकासक्रमका मुख्य चरणहरू देखाउँदै सबभन्दा पछिल्लो चरणका सिर्जनात्मक गतिविधिहरू विवेचना गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर लेख्नुहोस् : २× ७५= १५

(क) लक्ष्मीप्रसाद देवकोटाको 'सुनको बिहान' र किताब चरो' बालकविता बालस्तरका दृष्टिले कति उपयोगी छन् ?

(ख) कल्पना प्रधानको 'दाउरेको छोरो' बालकथाको विषयवस्तु र प्रस्तुति शैलीका विशेषता के के हुन्?

(ग) रमेश विकलको 'अब तिमी नरोऊ किरण' बाल एकाङ्कीको कथावस्तु र पात्रयोजनामा के कस्तो विशेषता पाइन्छन् ?

3. तलको उद्धरण पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् : ५×१.५=७.५

सुनको दिन एक उदाउँछ रे
यस देश खुलीकन् आउँछ रे
रंगिला सब बादल छाउँछ रे
जल चंचल भैकन गाउँछ रे ।

Question Bank Nepal